## घटालस्थान:-

ऐतिहासिक पृष्टभुमि :-

घटाल देवताको उत्पति कहिले र कुन अवश्थामा भयो भन्ने कुरामा एक मत नभएता पनि किम्बदन्ति भने यस प्रकार छ। महाभारतमा वर्णित भिमपुत्र घटोत्कच यहाँ जुन देवताको रुपमा पुजित भएका छन् तिनको स्थान पहिले हालको घटाल भन्ने ठाउँमा थियो।घटाल समसानमा बस्ने हुदा त्यस ठाँउमा सधै मुर्दा जलाउने गरेको र बुढी घटाल नजिक "हाटा" गाउँमा धेरै पहिले एउटा बृद्दा ब्राम्हणी बस्दथिन। तिनि सधै डोटी खोलामा नुहाई देवताको पुजा पाठ गरि नित्य मध्याङ्क कालमा भोजन गर्ने गर्दथिन। प्रतेक दिन त्यस ठाउँमा मुर्दा जलाउने गरेको समयमा पुजा पाठ र भोजन गर्ने कुरामा बाधा पर्न गएको रहेछ। एक दिन तिनले घटाल देवताको आव्हान गरिछिन्। घटाल देवताले तिनलाइ परेको असुविधालाई महसुस गरि त्याहा बाट हाल रहेको ठाउँ एकान्त स्थल हुदा त्यही बसोबास गरेका छन। तेही बगिआएको घट्टको चक्कामा पुजा गर्ने र बलि दिने प्रचलन आएको छ।घटाल देवताले साक्षत शक्ती देखाएका थुप्रै उदारणहरु छन। यिनलाई भिमसेन पत्र घटोत्चक तथा कसैले शिवको रुपमा लिन्छन ।जे भए पनि इसमसान बासी ठुला देउताहुन भन्नेकुरामा याहाको भक्तजनहरु विशस्त छन। हरेको वर्षको वैशाष २ गते याहा भारि मेला लाग्छ। श्रदालु भक्तजनहरु यो शक्ति सम्पन्न देवता अपार श्रद्धा र भक्ति प्रकट गर्छन। घटालको गर गहना चम्साल भन्ने गाँउमा राखिने तथा त्याहाँके बासिन्दा भरिया हुने व्यवस्था छ। पुजाको दिनमा देउरोको साथमा धामि झाक्रिहरु नाचेर बाजा गाजाको साथ घटालस्थलमा पजा सामाग्रि लगेर पुजा तथा जात्रा सिध्याएपछी पुन: भन्डारमा फिर्ता ल्याउने

परम्परा छ। मानिसहरु घटाल देवताको पुजा गरेपछि पानि पर्ने विश्वस गर्दछन।